संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - १७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल चैत १८ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री संजय कुमार गौतमलाई समय दिनुहुँदा उहाँले सहकारी ठगी प्रकरणको सन्दर्भमा विगतका बैठकहरुदेखि लगातार नेपाली काँग्रेसले उठाएको विषयमा आग्रह, पूर्वाग्रह नभएको तर तत्कालीन गृहमन्त्रीले सत्यतथ्य छानबिन गरेर दोषीलाई कानूनी दायरामा ल्याउन विश्वस्त पार्नु भएको अवस्थामा सरकार फेरिएसँगै जसमाथि छानबिन भइरहेको थियो, उहाँ नै गृहमन्त्री पदमा नियुक्त हुनुले गम्भीर प्रश्न उठेको प्रति सरकार गम्भीर बन्नु पर्ने र संसदीय छानबिन समिति बनाएर यो विषयलाई चाँडो भन्दा चाँडो निष्कर्षमा पुर्‍याउनु पर्ने भन्नुभयो । साथै, विगतमा विभिन्न मन्त्रीहरुमाथि नैतिक प्रश्न उठ्दा उहाँहरुले नैतिकरुपमा पदबाट राजिनामा दिनुभएको प्रशस्त उदाहरणहरु रहेको स्मरण गराउनुहुँदै सहकारी ठगी सम्बन्धी विषयमा आरोप लागेको वर्तमान गृहमन्त्रीले पनि पदबाट राजिनामा दिएर अनुसन्धान प्रक्रियालाई सहजीकरण गर्नु पर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरुले काठमाडौंबाट गोरखातर्फ जाँदै गरेको ट्याक्सी त्रिशुली खोलामा खसेर दुर्घटना हुँदा एकै परिवारका ५ जनाको मृत्यु भएको र एकजना अझै वेपत्ता रहेको, नवलपरासी पश्चिममा हावाहुरी सहित आएको असिना पानीले विभिन्न कृषिजन्य बाली नष्ट हुँदा करोडौंको क्षति भएकोले कृषकहरुलाई तत्काल राहतको व्यवस्था गर्नुपर्ने, सर्लाही जिल्लामा मकैको नक्कली हाइव्रिड विउ परेर २५ हजार हेक्टर जग्गामा लगाएको मकैमा दाना नलागेर किसानहरुको लगानी खेरजाने अवस्था भएकोले उक्त नक्कली विउ वितरण गर्ने डिलरलाई कारवाही गर्नुपर्ने, प्राकृतिक प्रकोपमा परेर कृषिबाली नष्ट भई मर्कामा परेका देशै भरिका किसानहरुलाई राहत तथा क्षतिपूर्ति दिनु पर्ने, न्यायपालिकाको निर्णय प्रक्रिया व्यक्तिको प्रभावमा परेर नभई संविधान र कानुनसम्मत हुनुपर्ने, उस्तै प्रकृतिको मुद्दामा फरक फरक फैसला हुन थालेकोले न्यायाधीशहरुको आचरणको समेत छानविन हुनुपर्ने लगायतका समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री हितराज पाण्डे
२. मा० श्री ध्रुव बहादुर प्रधान
३. मा० श्री अशोक कुमार चौधरी
४. मा० श्री एकनाथ ढकाल
५. मा० डा० अमरेश कुमार सिंह

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री विद्या भट्टराई
२. मा० श्री विजुला रायमाझी
३. मा० श्री विना लामा
४. मा० श्री विना जैसवाल
५. मा० श्री शान्ति वि.क.
६. मा० श्री शिव नेपाली
७. मा० श्री शिशिर खनाल
८. मा० श्री शोभा ज्ञवाली
९. मा० श्री सन्तोष चालिसे
१०. मा० श्री सरस्वती सुब्बा
११. मा० श्री सम्झना थपलिया
१२. मा० श्री सराज अहमद फारुकी
१३. मा० श्री सरिता भुसाल
१४. मा० डा० स्वर्णिम वाग्ले
१५. मा० श्री सिता कुमारी राना
१६. मा० श्री सिता मिजार
१७. मा० श्री सुनिता बराल
१८. मा० श्री सूर्य कुमारी श्रेष्ठ
१९. मा० श्री सूर्य प्रसाद ढकाल
२०. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२१. मा० श्री सूर्य मान तामाङ (दोङ)
२२. मा० श्री सोबिता गौतम
२३. मा० श्री संजय कुमार गौतम
२४. मा० श्री हर्कमाया विश्वकर्मा
२५. मा० श्री हरि ढकाल
२६. मा० श्री हेमराज राई
२७. मा० श्री ज्ञानु बस्नेत सुवेदी

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री रमा कोइराला पौड्याल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री रंजु कुमारी झा
६. मा० श्री ज्ञान बहादुर शाही
७. मा० श्री शेरबहादुर कुँवर
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री प्रभु साह
१२. मा० श्री देव प्रसाद तिमलसेना
१३. मा० श्री नारायण प्रसाद आचार्य
१४. मा० श्री पूर्ण बहादुर तामाङ
१५. मा० श्री प्रतिक्षा तिवारी
१६. मा० श्री सुशिला थिङ

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/१२/१२ गते माननीय श्री दीपक कार्कीलाई वन तथा वातावरण मन्त्रालयको राज्यमन्त्रीको कार्यभार सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)
सचिव

मिति : २०८०/१२/१२

तत्पश्चात सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरी संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने **Commission of the Status of Women (CSW)** को ६८ औं सम्मेलनमा सहभागी हुन सम्वत् २०८० साल चैत २ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

मिति : २०८०/१२/५

(ख) माननीय उपप्रधानमन्त्री एवम् परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठ जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका लागि २०८० चैत ११ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंले सम्हाल्नु हुने व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

मिति : २०८०/१२/१३

तत्पश्चात् माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले "अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ एस ए) को स्थापनासँग सम्बन्धित सम्झौता **(Framework Agreement on the establishment of the International Solar Alliance (ISA))** माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त सम्झौता माथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री माधव सापकोटा
२. मा० श्री सोबिता गौतम
३. मा० श्री गणेश पराजुली
४. मा० श्री मेटमणि चौधरी
५. मा० श्री रघुजी पन्त
६. मा० श्री विनिता कठायत
७. मा० श्री मनिष झा
८. मा० श्री प्रदीप पौडेल
९. मा० श्री दामोदर पौडेल (बैरागी)
१०. मा० श्री किरण कुमार साह

| | |
|---|---|
| ११. मा० श्री शिशिर खनाल | १७. मा० श्री अमृतलाल राजवंशी |
| १२. मा० श्री नारायणी शर्मा | १८. मा० श्री प्रेम सुवाल |
| १३. मा० श्री रंजु कुमारी झा | १९. मा० श्री जीवन परियार |
| १४. मा० श्री देव प्रसाद तिमलसेना | २०. मा० श्री रामकृष्ण यादव |
| १५. मा० श्री अब्दुल खान | २१. मा० श्री लेखनाथ दाहाल |
| १६. मा० श्री एकनाथ ढकाल | |

तदुपरान्त माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ एस ए) को स्थापनासँग सम्बन्धित सम्झौता **(Framework Agreement on the establishment of the International Solar Alliance (ISA))** माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ एस ए) को स्थापनासँग सम्बन्धित सम्झौता **(Framework Agreement on the establishment of the International Solar Alliance (ISA))**" मा कुनैपनि आरक्षणको व्यवस्था नरहेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२७ बमोजिम संशोधनको व्यवस्था नरहेको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात माननीय अर्थ मन्त्री श्री वर्षमान पुनले "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त विधेयकलाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम कुनैपनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएकोले माननीय अर्थ मन्त्री श्री वर्षमान पुनले "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री वर्षमान पुनले "भन्सार विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भानुभक्त जोशीले "निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल चैत १९ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ३:४५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव